मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

(सामान्य प्रशासन, शाखा)

मन्थली, रामेछाप

बागमती प्रदेश, नेपाल

प.सं.:-०८३/८४
च.नं.:- ४६८

फोन नं. -०४८-५४०११२
:-०४८-५४०५३२
मिति २०८३/०६/०१
ने.सं ११४६

मन्थली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

श्री वडा कार्यालय (१-१४) सबै
मन्थली नगरपालिका, रामेछाप।

विषयः- संविधान दिवस तथा राष्ट्रिय दिवस २०८३ भव्य रुपमा मनाउने सम्बन्धमा।

प्रस्तुत विषयमा जिल्ला समन्वय समितिको कार्यालय, रामेछापको मिति २०८३।०५।३१, च.नं ९४ को पत्रबाट संविधान दिवस तथा राष्ट्रिय दिवस २०८३ भव्य रुपमा मनाउने सम्बन्धमा लेखि आएकोले संलग्न निर्णय बमोजिम जनप्रतिनिधि र आम नागरिक समक्ष निर्णय जानकारी गर्नु, गराउनु हुन अनुरोध छ।

२०८३।६।१

दीपक प्रसाद सुवेदी
नि.प्रमुख प्रशासकीय अधिकृत

निमित्त प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०८३ साल भाद्र ३१ गते बुधवार जिल्ला समन्वय समिति रामेछापका प्रमुख श्री चिना खड्का कार्कीज्यूको अध्यक्षतामा वसेको बैठकले देशमा हालै आएको भोटेकोशी वाढीबाट उत्पन्न विषम परिस्थितिलाई मध्यनजर गरि यस वर्षको संविधान दिवस तथा राष्ट्रिय दिवस-२०८३, असोज २ र ३ गते देहाएका कार्यक्रम आयोजना गरी मनाउने निर्णय गरियो :-

**निर्णय नं. १**

२०८३ असोज २ र ३ गते (दुई दिन सम्म) यस जिल्लास्थित सबै सरकारी कार्यालय, प्रतिष्ठान, शैक्षिक संस्थाहरू, कम्पनी, प्राधिकरण, गैरसरकारी संघ-संस्था आदि निकायको छत, वरण्डा र परिसरमा निर्धारित साइजको राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र साँझ दिपावली गर्ने । साथै यस जिल्लास्थित आम नागरिकहरुको घर- घरमा साँझ दिपावली गर्न आह्वान गर्ने ।

**निर्णय नं. २**

२०८३ असोज २ र ३ गते सबै सरकारी कार्यालय, निकाय, सामाजिक संघ संस्था, सार्वजनिक स्थल, शैक्षिक संस्था, प्रतिष्ठान आदिमा नयाँ राष्ट्रिय भण्डा राख्ने/ फहराउने । सो कार्यको लागि मन्थली नगरपालिकाले झण्डाको प्रबन्ध गर्ने र जिल्ला प्रहरी कार्यलयले आवश्यक सार्वजनिक स्थलमा राख्ने व्यवस्था मिलाउने ।

**निर्णय नं. ३**

२०८३ असोज २/३/● गते संविधान दिवस तथा राष्ट्रिय दिवसको अवसरमा **संविधानको महत्व र उपादेयता** विषयमा मन्थली नगरपालिकाले मा.वि. स्तरीय खुला वक्तृत्वकला प्रतियोगिता कार्यक्रम गर्ने ।

**निर्णय नं. ४**

रामेछाप जिल्ला स्थित सदरमुकाम बाहिरका पालिकाहरुलाई पनि विविध कार्यक्रम (सरसफाई, प्रभातफेरी, खेलकुद, प्रवचन तथा साहित्यिक गोष्ठी जस्ता विविध कार्यक्रम ) आयोजना गरि भव्य रुपमा मनाउन अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

२०८३ असोज २ गते मन्थली नगरपालिका क्षेत्रभित्र वृहत नगर सरसफाईको कार्यक्रम र असोज ३ गते रामेछाप जिल्लाभित्रका अस्पतालमा भर्ना भएका बिरामीहरुलाई मन्थली नगरपालिका र रामेछाप उद्योग बाणिज्य संघको सहकार्य तथा समन्वयमा फलफूल वितरण गर्ने ।

**निर्णय नं. ६**

मिति २०८३ साल भदौ १० गते भोटेकोसी नदीमा आएको विनाशकारी बाढीका कारण रसुवा, नुवाकोट, धादिङ र चितवनलगायतका जिल्लामा भएको मानवीय तथा भौतिक सम्पतिको अपुरणीय क्षति भएको छ । साथै, रामेछाप जिल्लाका नागरिकसमेत सम्पर्कविहीन तथा हराइरहेका छन् । रामेछाप लगायत अन्य जिल्लाका सम्पर्कविहीव तथा हराइरहेका सम्पूर्ण नागरिक सकुशल रहून् र शीघ्र खोज तथा उद्धार भई परिवारजनको सम्पर्कमा आउन सकून् भनी ईश्वरसमक्ष प्रार्थना गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना सहित ज्यान गुमाउनु हुने सम्पूर्णप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्ने ।

**निर्णय नं. ७**

संविधान दिवस तथा राष्ट्रिय दिवस २०८३ जिल्ला मूल समारोह समिति, रामेछापका सम्पूर्ण पदाधिकारी सदस्यहरू, सम्पूर्ण सरकारी कार्यालय, निकाय, संघ संस्थाका कार्यालय प्रमुख लगायत सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरू, जिल्लामा क्रियाशिल सम्पूर्ण राजनैतिक दलका प्रमुख एवम् प्रतिनिधीहरू, क्याम्पस, कलेज, विद्यालयका प्रमुख / प्राचार्य / प्रधानाध्यापक, नागरिक समाजका प्रतिनिधिहरू, सामाजिक संघ संस्था, क्लब, समिति, धार्मिक अनुष्ठान, प्रतिष्ठान, आम नागरिक, सर्वसाधारण, सुरक्षा निकाय सबैको व्यापक सहभागितामा असोज ३ गते विहान ७:०० वजे मदन आश्रित चोकबाट कटहरबोट हुँदै जिल्ला समन्वय समितिसम्म र्‍याली तथा प्रभातफेरी गरी सोको समापन जिल्ला समन्वय प्रमुखबाट गर्ने निर्णय गरियो ।

जिल्ला समन्वय समितिको कार्यालय, रामेछाप, बागमती प्रदेश, नेपाल